नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..................................................शाखा)

प.सं. : ०७६/७६
च.नं. : ४९७

सिंहदरवार, काठमाण्डौं

## प्रेस विज्ञप्ति

नेपाल सरकार र राष्ट्रिय प्रजातन्त्र पार्टीकाबीच सो पार्टीले सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष बिभिन्न २२ बुँदे माग राखी पेश गरेको ज्ञापनपत्रका सम्बन्धमा नेपाल सरकार र सो पार्टीका प्रतिनिधिबीच आज छलफल भयो । सो वार्तामा नेपाल सरकारको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकाल र राप्रपाको तर्फबाट सो पार्टीको वार्ता टोलीका संयोजक एवं वरिष्ठ नेता श्री दीपक बोहोरा एवं अर्का नेता श्री निरञ्जन थापा सहभागि हुनु भएको थियो ।

छलफलको शुरुमा राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट सहभागि प्रतिनिधिले सो पार्टीले राखेका २२ बुँदे मागका सम्बन्धमा स्पष्ट गर्नुभएको थियो । सोही क्रममा मा. कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालले शान्तिपूर्ण रुपमा प्रस्तुत हुने सबै समस्या र मागहरुलाई वार्ताको माध्यमबाट नेपालको संविधानको दायराभित्र रही सम्बोधन गर्न नेपाल सरकार सदैब तत्पर रहेको कुरा स्पष्ट गर्नु भएको थियो ।

आजको वार्तामा भएको छलफल सौहार्दपूर्ण रहेको कुराप्रति दुबै पक्षबाट सन्तोष व्यक्त गर्दै आपसी सहमतिबाट तत्काल छिट्टै अर्को चरणको छलफल गर्ने सहमति भएको छ ।

(धनराज ज्ञवाली)

सहसचिव एवं प्रवक्ता

मिति: २०७६।१।१०

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४